# लिखु तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## धोबी बजार, रामेछाप

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः १ मितिः २०७७\०६\१९

### भाग१-

### लिखु तामाकोशी गाउँपालिका

**लिखु तामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७**

प्रमाणीकरण मिति: २०७७\०६\१९

प्रकाशित मिति:२०७७\०६\१९

**प्रस्तावनाः** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीय तहलाई तोकिएकोअधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम लिखु तामाकोशी गाउँपालिकाको सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भः**(१) यो ऐनको नाम लिखुतामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ रहेको छ।
(२) यो ऐन लिखुतामाकोशी गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–
(क) **"ऐन"** भन्नाले लिखुतामाकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ सम्झनु पर्छ।
(ख) **"कार्यपालिका"** भन्नाले लिखुतामाकोशी गाउँ कार्यपालिका सम्झनु पर्छ।
(ग) **"गाउँपालिका"** भन्नाले लिखुतामाकोशी गाउँपालिका सम्झनु पर्छ।
(घ) **"सभा"** भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।
(ङ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त लिखुतामाकोशीगाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्नेविषयमा मात्र बनाउनु पर्नेछ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही लिखु तामाकोशी गाउँकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ।

लिखु तामाकोशी गाउँपालिकाको गाउँसभाको बैठकबाट मिति २०७७/०६/१९ गते पारित यो ऐन स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु।

(गोविन्द बहादुर खड्का)
मिति:- २०७७/०६/१९ अध्यक्ष